मिति २०८३ श्रावन १ गते देखि लागु हुने ।

# लिखु पिके गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८३

लिखु पिके गाउँपालिकाको आर्थिक ऐन-२०८३

लिखु पिके गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौलाखर्क, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

# लिखु पिके गाउँपालिकाको आर्थिक ऐन - २०८३

**लिखु पिके गाउँपालिकाको आ.व. २०८३/०८४ सम्बन्धि आर्थिक प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** लिखु पिके गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम लिखु पिके गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि लिखु पिके गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

लिखु पिके गाउँपालिकाको आर्थिक ऐन २०८३

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टिङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. (१) प्रचलित कानुनमा जुनसुकै कर लेखिउको भए तापनी स्थानीय सरकारले आवश्यकता अनुसार ऐन र कानुन बमोजिम लगाइने दस्तुर शुल्क महशुल र कर आंशिक वा पुर्ण रुपमा छुट दिन सक्नेछ। त्यस्तो दर घटाएको बढाएको वा छुट दिएको सुचना स्थानीय राजपत्रमा प्रकाशन उल्लेख गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दर घटाएको बढाएको वा कुनै दस्तुर शुल्क महशुल र कर आंशिक वा पुर्ण रुपका छुट दिइएको विवरण प्रत्येक वर्ष गाउँपालिकाको गाउँसभामा पेश गर्नुपर्नेछ।

**भुमिकर/मालपोत कर, सम्पती कर, घर बहाल कर प्रत्येक बर्ष नतिरेमा तपशिल बमोजिम जरिवाना लाग्नेछ।**

| क्र.स | विवरण | जरिवाना | कैफियत |
|---|---|---|---|
| १. | एक बर्षसम्मको जरिवाना | १५% | |
| २. | तिन बर्षसम्मको जरिवाना | २५% | |
| ३. | तिन बर्षभन्दा माथिको जरिवाना | ३५% | |

## अनुसुचि-१
## सम्पत्ति कर

**क. घर जग्गा मुल्याङ्कन तथा नक्सापास भवन मुल्याङ्कन नियमितता दस्तुर**

| क्र.स | शिर्षक | इकाई | दर रेट |
|---|---|---|---|
| १. | ढुङ्गा, माटोबाट बनेको वा टहरा | प्रति घर | १००/- |
| २. | सिमेन्टबाट बनेको (कच्चि घर) | प्रति घर | २००/- |
| ३. | ढलान (पक्कि घर) | प्रति तला | ५००/- |

नोटः नक्सापास नगरी भवन निर्माण गरि भवन नियमितताको लागि माथि उल्लेखित नक्सा पास वापतको शुल्क कायम गरी थप रु.५०००/-

**ख. धितो मुल्याङ्कन**

| क्र.स | धितो मुल्याङ्कन | रकम रु. |
|---|---|---|
| १. | ५ लाख सम्म | ५००/- |
| २. | ५ लाख देखि १० लाख सम्म | १०००/- |
| ३. | १० लाख देखि १५ लाख सम्म | १५००/- |
| ४. | १५ देखि २५ लाख सम्म | २०००/- |
| ५. | २५ देखि ५० लाख सम्म | ३०००/- |
| ६. | ५० देखी १ करोडसम्म | ५०००/- |
| ७. | १ करोड भन्दा माथि | १०,०००/- |
| **क्र.स** | **आयस्रोत प्रमाणित** | **रकम प्रतिशत** |
| १. | आम्दानी प्रमाणित वार्षिक आम्दानी स्रोतको आधारमा | ०.१५ प्रतिशत |

लिखु पिके गाउँपालिकाको आर्थिक ऐन-२०८३

## अनुसुचि-२
## भुमिकर(मालपोत कर)

| क्र.स | विवरण | इकाई | कर दर | कैफियत |
|---|---|---|---|---|
| **पाखा बारी तर्फ** | | | | |
| | अब्बल | प्रति रोपनि | १० | |
| | दोयम | प्रति रोपनि | ८ | |
| | सिम | प्रति रोपनि | ६ | |
| | चाहार/पाँचौ चाहार | प्रति रोपनि | ५ | |
| **खेत तर्फ** | | | | |
| | अब्बल | प्रति रोपनि | १५ | |
| | दोयम | प्रति रोपनि | १२ | |
| | सिम | प्रति रोपनि | १० | |
| | चाहार | प्रति रोपनि | ८ | |

## अनुसुचि-३
## नक्सा पास दस्तुर/घर जग्गा वहाल कर

गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संथाले भवन, घर पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिइएको सबै किसिमका घर जग्गाको गाउँपालिकाले त्यस्तो वहाल रकममा १० प्रतिशत वहाल करमा कायम गरिएको छ।

| क्र.स | शिर्षक | दर रु. |
|---|---|---|
| १. | घर जग्गा तथा माथि उल्लेखित बहाल कर | १०% |

## अनुसुचि-४
## व्यवसाय कर

**गाउँपालिका भित्र दर्ता भएका व्यवसाय तथा संस्थाहरुको प्रत्येक बर्ष नविकरण नभएको खण्डमा तपशिल बमोजिम जरिवाना लाग्नेछ।**

| क्र.स | विवरण | जरिवाना | कैफियत |
|---|---|---|---|
| १. | एक बर्षसम्मको जरिवाना | १५% | |

लिखु पिके गाउँपालिकाको आर्थिक ऐन-२०८३

| | | | |
|---|---|---|---|
| २. | तिन बर्षसम्मको जरिवाना | २५% | |
| ३. | तिन बर्षभन्दा माथिको जरिवाना | ३५% | |

क. <u>व्यवसाय दर्ता दस्तुरः प्राइभेट/साझेदारी फर्म दर्ता दस्तुर</u>

| क्र.स | व्यवसायको किसिम | दर्ता शुल्क | नविकरण दर्ता | कैफियत |
|---|---|---|---|---|
| १. | होटल रेष्टुरेन्ट लज सहित | ३०००/- | २०००/- | |
| २. | होटल रेष्टुरेन्ट | २०००/- | १५००/- | |
| ३. | भोजनालय तथा चिया र खाजा पसल | १०००/- | ५००/- | |
| ४. | स्नुकर | २०००/- | १०००/- | |
| ५. | पुल हाउस | १०००/- | ५००/- | |
| ६. | थोक पसल | ३०००/- | २०००/- | |
| ७. | किराना (खुद्रा) पसल | २०००/- | १०००/- | |
| ८. | माछा/ मासु पसल | २०००/- | १०००/- | |
| ९. | दुध जन्य (डेरी) | ३०००/- | १५००/- | |
| १०. | सुन चाँदि, गरगहना पसल | ५०००/- | २०००/- | |
| ११. | फेन्सि पसल/ कपडा पसल | २०००/- | १०००/- | |
| १२. | विविध सृँगार पसल | २०००/- | १०००/- | |
| १३. | नविकरण सामाग्रि (हाडवेयर) | ३०००/- | १५००/- | |
| १४. | भाँडा तथा गिफ्ट पसल | २०००/- | १०००/- | |
| १५. | स्टेसनरी पसल | १५००/- | १०००/- | |
| १६. | फोटो स्टुडियो | २०००/- | १०००/- | |
| १७. | इलेक्ट्रोनिक्स पसल तथा मर्मत | २०००/- | १०००/- | |
| १८. | सवारी मोटर पार्टस वर्कसप | ३०००/- | २०००/- | |
| १९. | ग्रिल उद्योग | ५०००/- | २०००/- | |
| २०. | कवाडि सामान थोक बिक्रि | २०००/- | १०००/- | |
| २१. | टेण्ट हाउस/ग्राउण्ड सिस्टम | २०००/- | १०००/- | |
| २२. | औषधि पसल/ल्याब | ३०००/- | १५००/- | |
| २३. | पशु औषधि पसल/ल्याब | ३०००/- | १५००/- | |
| २४. | इलेक्ट्रोनिक्स पसल | ३०००/- | १५००/- | |
| २५. | फर्निचर(काष्ठ, मेटल) आदि | ३०००/- | १५००/- | |
| २६. | निजि अस्पताल | ६०००/- | ३०००/- | |
| २७. | क्लिनिक तथा ल्याव | ४०००/- | २०००/- | |
| २८. | आयुर्वेद औषधि पसल | १०००/- | ५००/- | |
| २९. | चस्मा पसल | १०००/- | ५००/- | |

| | | | | |
|---|---|---|---|---|
| ३०. | मिल (पिसानी, कुटानी) | १०००/- | ५००/- | |
| ३१. | टेलर्स (कपडा सिलाई) | १०००/- | ५००/- | |
| ३२. | हेयर कटिङ्ग (सैलुन) | १०००/- | ५००/- | |
| ३३. | ल फर्म | २०००/- | १०००/- | |
| ३४. | आयल(पेट्रोल) पम्प वा कारोबार | १००००/- | ५०००/- | |
| ३५. | डिजेल/पेट्रोल विक्रि केन्द्र | ३०००/- | १५००/- | |
| ३६. | ग्यास सिलिन्डर विक्रि केन्द्र | ३०००/- | १५००/- | |
| ३७. | जुत्ता उद्योग | ३०००/- | १०००/- | |
| ३८. | वनजन्य उद्योग | ३०००/- | १०००/- | नेपालि पेपर उद्योग |
| ३९. | ढुवानी तथा ट्रान्सपोर्ट कम्पनी | २०००/- | १०००/- | |
| ४०. | प्लाइउड (भेनियर) उद्योग | ३०००/- | १०००/- | |
| ४१. | काठ विक्रि डिपो | २५००/- | १०००/- | |
| ४२. | तरकारी पसल | १०००/- | ५००/- | |
| ४३. | नर्सरी फलफुल पसल बिरुवा विक्रि वितरण | १०००/- | ५००/- | |
| ४४. | रंग रोगन पसल (थोक) | १०००/- | ५००/-- | |
| ४५. | कम्प्युटर इस्टिच्युट | २०००/- | १०००/- | |
| ४६. | अडिट फर्म | २०००/- | १०००/- | |
| ४७. | कटिङ ढुङ्गा | २०००/- | १०००/- | |
| ४८. | क्रसर उद्योग | ५००००/- | २००००/- | |
| ४९. | ब्लक उद्योग, इट्टा उद्योग | ६०००/- | ३०००/- | |
| ५०. | मदिरा डिलर | ५०००/- | ३०००/- | |

नोटः गाउँपालिकामा महिलाको नाममा दर्ता हुने व्यवसायलाई दर्ता गर्न लाग्ने जम्मा कर रकममा **५० प्रतिशत** छुट हुने व्यवस्था गरिएको छ।

**ख. व्यवसाय ईजाजत दस्तुर (उद्योग)**

| क्र.स | पुंजी | दर्ता दस्तुर | नविकरण दस्तुर |
|---|---|---|---|
| १. | ५ लाख सम्म | २०००/- | १०००/- |
| २. | ६ लाख रुपैया देखि २५ लाख सम्म | ५०००/- | २५००/- |
| ३. | २६ लाख रुपैया देखि ५० लाख सम्म | ८०००/- | ४०००/- |
| ४. | ५१ लाख देखि १ करोडसम्म | १००००/- | ५०००/- |
| ५. | १ करोड देखि २ करोडसम्म | १५०००/- | ७०००/- |
| ६. | २ करोड भन्दा माथि | २५०००/- | १५०००/- |

ग. <u>परामर्श सेवा संचालन दस्तुर</u>

| क्र.स | विवरण | दर्ता दर | नविकरण | कैफियत |
|---|---|---|---|---|
| १. | ईन्जिनियरिङ परामर्श | ८०००/- | ४०००/- | |
| २. | शैक्षिक परामर्श | ८०००/- | ४०००/- | |
| ३. | मनोसामाजिक परामर्श | ८०००/- | ४०००/- | |
| ४. | अन्य परामर्श | ८०००/- | ४०००/- | |

घ. <u>निर्माण व्यवसाय फर्म ईजाजत दस्तुर</u>

**निर्माण व्यवसायी, गाउँपालिका प्रधान कार्यालय भएको**

| क्र.स | विवरण | दर्ता दर | नविकरण | कैफियत |
|---|---|---|---|---|
| १. | "क" वर्ग | २५०००/- | १५०००/- | |
| २. | "ख" वर्ग | २००००/- | १००००/- | |
| ३. | "ग" वर्ग | १५०००/- | ८०००/- | |
| ४. | "घ" वर्ग | १००००/- | ५०००/- | |
| ५. | ढुङ्गा खानी, गिट्टि खानी | १०००/- | ५००/- | |
| ६. | बालुवा खानी | १०००/- | ५००/- | |

ङ. <u>सुचना तथा संचार सम्बन्धि फर्म दर्ता दस्तुर</u>

| क्र.स | विवरण | दर्ता दर | नविकरण | कैफियत |
|---|---|---|---|---|
| १. | एफ. एम. रेडियो | ५०००/- | २५००/- | |
| २. | साईबर, नेटफोन सेवा( कम्युनिकेसन सेवा) | ५०००/- | २५००/- | |
| ३. | भिडियो मिक्सिङ | ५०००/- | २५००/- | |
| ४. | टुर्स एण्ड ट्राभल्स | १००००/- | ५०००/- | |
| ५. | अनुवादक | ५०००/- | २५००/- | |

च. <u>उर्जामुलक उद्योग (हाइड्रोपावर)</u>

| क्र.स | विवरण | दर्ता दर | नविकरण | कैफियत |
|---|---|---|---|---|
| १. | १०० किलोवाट सम्म | १००००/- | ५०००/- | |
| २. | १०० किलोवाट देखि ५०० किलोवाट सम्म | २००००/- | १००००/- | |
| ३. | ५०० किलोवाट भन्दा माथि १ मेगावाट सम्म | ३००००/- | १५०००/- | |

### छ. <u>बैङ्क तथा वित्तिय संस्था सम्बन्धि व्यवसाय</u>

| क्र.स | विवरण | दर्ता दर | नविकरण | कैफियत |
|---|---|---|---|---|
| १. | लघुवित्त | १००००/- | ५०००/- | |
| फाइनान्स/ सहकारी संस्था दर्ता | | | | |
| २. | ५० लाख सम्मको कारोवार | २०००/- | १०००/- | |
| ३. | ५० लाख देखि १ करोड सम्मको कारोवार | ३०००/- | १५००/- | |
| ४. | १ करोड देखि ५ करोड सम्मको कारोवार | ४०००/- | २०००/- | |
| ५. | ५ करोड भन्दा माथिको कारोबार | ५०००/- | २५००/- | |

### ज. <u>अन्य दर्ता सम्बन्धि दस्तुर</u>

| क्र.स | विवरण | दर्ता | नविकरण | कैफियत |
|---|---|---|---|---|
| १. | बोर्डिङ तथा निजि विद्यालय तर्फ | | | |
| | क. मन्टेश्वरी शिक्षा | २०००/- | १०००/- | |
| | ख. प्रा.वि तह बार्षिक | २४००/- | १२००/- | |
| | ग. नि.मा.वि तह बार्षिक | ३०००/- | १५००/- | |
| | घ. मा.वि तह बार्षिक | ४०००/- | २०००/- | |
| | ङ. उच्च मा.वि. तह | ५०००/- | २५००/- | |
| २. | टिकट काउन्टर बार्षिक — बस/सुमो | ४०००/- | १०००/- | |
| ३. | मुहान दर्ता नविकरण दस्तुर | १०००/- | ५००/- | |
| ४. | उपभोक्ता समिति दर्ता | ५००/- | | |
| ५. | आमा समुह दर्ता तथा नविकरण दस्तुर | निशुल्क | | |
| ६. | कृषि समुह/फर्म | १०००/- | ५००/- | |
| ७. | कृषि संस्था | २०००/- | १०००/- | |
| ८. | पशु समुह/फर्म | १०००/- | ५००/- | |
| ९. | पशु संस्था | २०००/- | १०००/- | |
| १०. | अन्य समुह | १०००/- | ५००/- | |
| ११. | व्यवस्थापन समिति | १०००/- | ५००/- | |
| १२. | एकिकृत फर्म/ संस्था | २०००/- | १०००/- | |
| १३. | सेवा समाज | १०००/- | ५००/- | |

| | | | | |
|---|---|---|---|---|
| १४. | अन्य संस्था | संस्था दर्ता ऐन बमोजिम | | अपाङ्गता |
| १५. | टोल विकास समिति | १०००/- | ५००/- | |
| १६. | अन्य व्यवसाय दर्ता | २०००/- | १०००/- | |

## अनुसुचि – ५

## जडिबुटि कवाडि र जिवजन्तु कर

| क.स | व्यवसाय विवरण | ईकाइ | कर दर | | कैफियत |
|---|---|---|---|---|---|
| **जडीबुटी कर** | | | **पटके** | | |
| १. | लोकता/अर्गेली | प्रति केजि | गा.पा भित्र | गा.पा बाहिर | |
| | | | ३/- | ५/- | |
| २. | नागवेली पाउडर | प्रति केजि | गा.पा भित्र | गा.पा बाहिर | |
| | | | २/- | ५/- | |
| ३. | जटामसि/कुडकी/पङगवर | प्रति केजि | ५/- | | |
| ४. | चिराइतो | प्रति केजि | ५/- | | |
| ५. | बोजो | प्रति केजि | ५/- | | |
| ६. | सिलाजित | प्रति केजि | १०/- | | |
| ७. | सेतो/कालो मुस्ली | प्रति केजि | ५/- | | |
| ८. | ठुलो ओखतो | प्रति केजि | ५/- | | |
| ९. | झ्याउ | प्रति केजि | २/- | | |
| १०. | खोटो | प्रति केजि | ५/- | | |
| ११. | अल्लो | प्रति केजि | ५/- | | |
| १२. | अमला | प्रति केजि | ५/- | | |
| १३. | लेमनग्रास | प्रति केजि | ५/- | | |
| १४. | कुड्कि | प्रति केजि | ५/- | | |
| १५. | इन्द्रेनी | प्रति केजि | ५/- | | |
| १६. | गुजरगानो | प्रति केजि | ५/- | | |
| १७. | जमाने मान्द्रो | प्रति केजि | ५/- | | |
| १८. | पाँच औलो | प्रति केजि | १००/- | | |
| १९. | पदमचाल | प्रति केजि | ५/- | | |
| २०. | पाखनबेद | प्रति केजि | ५/- | | |
| २१. | नागवेली | प्रति केजि | ५/- | | |

| | | | | |
|---|---|---|---|---|
| २२. | धुपिको गेडाँ | प्रति केजि | २/- | |
| २३. | खोटे सल्लाको विउ | प्रति केजि | ५/- | |
| २४. | काउलो | प्रति केजि | १/- | |
| २५. | धसिङ्गरे | प्रति केजि | ५/- | |
| २६. | काफल | प्रति केजि | १/- | |
| २७. | सुनखरी/सुनगाभा | प्रति केजि | १००/- | |
| २८. | बन नर्सीरे | प्रति केजि | २५ पैसा | |
| २९. | मछिनो तेल | प्रति केजि | २०/- | |
| ३०. | मछिनो पात | प्रति केजि | २५ पैसा | |
| ३१. | मजिठो/ मजिटो | प्रति केजि | २५ पैसा | |
| ३२. | अलैचि | प्रति केजि | २/- | |
| ३३. | आलु | प्रति केजि/ पाथि | २५ पैसा/१/- | |
| ३४. | लोठ सल्ला | प्रति केजि | ५/- | |
| ३५. | टिम्मुर | प्रति केजी | ५/- | |
| ३६. | सिल टिम्मुर | प्रति केजी | ५/- | |
| ३७. | वन लसुन | प्रति केजि | १०/- | |
| ३८. | विस्पेज, ठिंग्रेको सिम्टा | प्रति केजि | २० पैसा | |
| ३९. | गोब्रे सल्लो पात | प्रति केजि | ५/- | |
| ४०. | तितेपाति तेल | प्रति लि. | २०/- | |
| ४१. | तितेपाति पात | प्रति केजि | २० पैसा | |
| ४२. | सुनापति तेल | प्रति लि. | २५/- | |
| ४३. | सुनापति पात | प्रति केजि | ५/- | |
| ४४. | धुपि पात | प्रति केजि | ५/- | |
| ४५. | धुपि तेल | प्रति लि. | २५/- | |
| ४६. | कोइराला | प्रति केजि | ५० पैसा | |
| ४७. | चुत्रो | प्रति केजि | २/- | |
| ४८. | कुरीलो | प्रति केजि | २/- | |
| ४९. | यार्सा गुम्बा | प्रति केजि | १०००/- | |
| ५०. | रुद्राक्ष | प्रति केजि | ५/- | |
| ५१. | सुगन्धवाल | प्रति केजि | ५/- | |

| | | | | |
|---|---|---|---|---|
| ५२. | पाखन्वेद | प्रति केजि | ५/- | |
| ५३. | सतुवा | प्रति केजि | १०/- | |
| ५४. | किवि | प्रति केजि | १/- | |
| ५५. | ड्रागन फ्रुट फल | प्रति केजि | २/- | |
| ५६. | एभोकाँडो | प्रति केजि | २/- | |
| ५७. | नेपाली कागज | प्रति कोरी | ५/- | |
| ५८. | सल्लोको काठ | प्रति क्यु फि | ५/- | |
| ५९. | भेनियर पत्ता | प्रति क्यु फि | ०.२/- | |
| ६०. | अमृसो | प्रति केजि | १/- | |
| ६१. | उत्तिस काठ | प्रति क्यु फि | गा.पा भित्र | गा.पा बाहिर |
| | | | ३/- | ६/- |
| ६२. | च्याउ जन्य जडिबुटि व्यापार | प्रति केजी | २/- | |
| ६३. | बास | गोटा | ५/- | |
| ६४. | सेतो सिमि | पाथि/KG | २/५० पैसा | |
| **बन्यजन्तु कर** | | | **पटके** | |
| १. | चौरी याक निकासा | प्रति गोटा | २००/- | |
| २. | राँगा भैसि निकासी | प्रति गोटा | २००/- | |
| ३. | गाईगोरु निकासा | प्रति गोटा | २००/- | |
| ४. | बाखा बोका सुगुंर/बंगुर निकासा | प्रति गोटा | ५०/- | |
| ५. | कुखुरा लगायत यस्तै प्रकृतिका पंक्षि | प्रति गोटा | २/- | |
| ६. | हाँस | प्रति गोटा | ५/- | |
| ७. | माछा मार्ने/-बार्षिक | बार्षिक | १०००/- | |
| ८. | ट्राउट माछा | प्रति केजि | २/- | |
| ९. | भिर मौरी मह | घार | ५००/- | |
| १०. | घर मौरी मह | प्रति केजि | ५०/- | |
| ११. | तिते माछा | प्रति कुर | ५/- | |
| १२. | मासु जन्य | प्रति केजि | १/- | |
| १३. | उन व्यवसाय | प्रति केजि | ५/- | |
| **कबाडि** | | | **पटके** | |

| | | | | |
|---|---|---|---|---|
| १. | प्लास्टिक कागज आदिमा | प्रति केजि | २/- | |
| २. | अन्य कवाडि सबैमा | प्रति केजि | २/- | |

## अनुसुची — ६
## सवारी साधन कर

<u>**गाउँपालिकाबाट संचालित एम्बुलेन्सको साधन कर**</u>

| क्र.स | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| १. | लिखु पिके गा.पा देखि सल्लेरी(फाप्लु) | ८००० | |
| २. | एम्बुलेन्स गाउँपालिका देखी काठमाण्डौं | १५०००/- | |
| ३. | एम्बुलेन्स गाउँपालिका देखी मन्थली | १००००/- | |
| ४. | एम्बुलेन्स गाउँपालिका जिरी | ८०००/- | |
| ५. | एम्बुलेन्स गाउँपालिका देखी चरीकोट | १००००/- | |
| ६. | गाउँपालिका भित्र प्रतिकिलो मिटर | १०००/- | |
| ७. | कोरेम, ठाडोंखोला, रोसि देखि चौलाखर्क स्वास्थ्य चौकि | १५००/- | |
| ८. | रावदोलु/ भुसिङ्गा/ काचापु देखि चौलाखर्क स्वास्थ्य चौकि | २५००/२०००/१५०० | |
| ९. | गुम्देल/ चरि पत्करी देखि चौलाखर्क स्वास्थ्य चौकि | ३०००/२००० | |

लिखु पिके गाउँपालिकाभन्दा अन्य गाउँपालिकाको हकमा थप २५% (प्रतिशत) भाँडा थप हुनेछ।

## अनुसुचि -७
## विज्ञापन कर

| क्र.स | विज्ञापन करको विवरण | इकाई | करको दर |
|---|---|---|---|
| १. | होडिङ्ग बोर्ड, साइन बोर्ड | प्रति वर्ग फिट | २०/- |
| २. | डिजिटल डिस्प्लेहरु | प्रति महिना | २०/- |
| ३. | पर्खाल, भित्ता, आदिमा कम्पनी/संथाको विज्ञापन | प्रति महिना | २०/- |
| ४. | उपरोक्त बाहेकका अन्य हकमा प्रति वर्गको | प्रति महिना | २०/- |

अन्य विज्ञापन कर र सोको दर प्रदेश कानुन बमोजिम हुनेछ।

## अनुसुचि -८
## मनोरन्जन कर

| क्र.स | मनोरन्जन करको विवरण | इकाई | करको दर |
|---|---|---|---|
| ५. | सिनेमा हल | प्रतिवर्ष | ५०००/- |
| ६. | केवलकार लाइन | प्रतिवर्ष | ३०००/- |
| ७. | रमाइलो मेला | प्रति दिन प्रति व्यक्ति | २००/- |
| ८. | पिकनिक स्पोर्ट | प्रतिदिन | १०००/.- |
| ९. | फिल्म सुटिङ्ग | पटके | ५०००/- |
| १०. | कन्सर्ट दोहोरी गित | पटके | १०००/- |
| ११. | स्थानीय नाच झाँक्रि प्रदर्शन | प्रति दिन | ५००/- |
| १२. | विभिन्न संजाल युव क्लव यस्तै प्रकृतिको समुहबाट हुने खेलकुद साँस्कृतिक पर्यटन कार्यक्रम वापत प्रतिदिन | प्रति दिन | ५००/- |
| १३. | धार्मिक सप्ताह प्रतिदिन | | ५००/- |

## अनुसुचि – ९
## सेवा शुल्क दस्तुर

**गाउँपालिका कार्यालय तथा वडा कार्यालयबाट सेवा लिनु पुर्व सेवा ग्राहिले अनिवार्य रुपमा निवेदन पेश गर्नुपर्ने छ।**

**सबै प्रकारको प्रतिलिपिको रु. ५०० लाग्नेछ।**

| क्र.स | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १. | **सिफारिसहरु** | | |
| | सामान्य सिफारिस (विपन्न प्रमाणित, छात्रबृद्धि सिफारिस, विपन्न विद्यार्थि छात्रवृत्ति, निशुल्क सशुल्क उपचार सिफारिस, अपाङ्ग सिफारिस, आर्थिक अबस्था कमजोर, छात्रवृत्ति सिफारिस, स्वास्थ्य उपचार सफारिस, क्षतिपुर्ति सिफारिस) | निशुल्क | |
| | **नागरिकताको सबै खालको सिफारिस** | | |
| | नागरिकता सिफारिस | २००/- | |
| | नागरिकता प्रतिलिपि | ५००/- | |
| | अंगिकृत नागरिकता सिफारिस | १०००/- | |
| | **व्यक्तिगत घटना दर्ता दस्तुर** | | |

| | | | | |
|---|---|---|---|---|
| २. | पंजिकरण ३५ दिन भित्र निशुल्क | | | |
| | जन्म | | २००/- | घटना दर्ता |
| | मृत्यु दर्ता | | २००/- | |
| | विवाह दर्ता | | २००/- | |
| | बसाइसराइ दर्ता | | ५००/- | |
| | बसाइसराइ सिफारिस | | ५००/- | |
| | सम्बन्ध विच्छेद | | २००/- | |
| | पञ्जिकरण(घटना दर्ता) प्रतिलिपि | | ५००/- | |
| **घर जग्गा सम्बन्धी सिफारिस** | | | | |
| ३. | घरबाटो सिफारिस | सडकले छोएको | ५००/- | |
| | | सडकले नछोएको | २००/- | |
| ४. | घर सम्पन्नको सिफारिस | पक्कि | ५००/- | |
| | | कच्चि | २००/- | |
| ५. | पुर्जामा घर कायम गर्ने सिफारिस | | २००/- | |
| ६. | जग्गा नामसारी सिफारिस | | २००/- | |
| ७. | कित्ताकाट गर्न सिफारिस | | २००/- | |
| ८. | संरक्षक सिफारिस (ब्यक्ति/संथा) | | २००/- | |
| ९. | जग्गाको हक सम्बन्धमा सिफारिस | | २००/- | |
| १०. | बहाल करको लेखाजोखा सिफारिस | | २००/- | |
| ११. | बन्द घर वा कोठा खोल्न सिफारिस | | २००/- | |
| १२. | मोहि लागत कट्टाको सिफारिस | | २००/- | |
| १३. | जग्गा धनि दर्ता प्रमाणपुर्जामा घर कायम गर्ने सिफारिस | | २००/- | |
| १४. | जग्गा धनि प्रमाण पुर्जा हराएको सिफारिस | | २००/- | |
| १५. | उद्योग ठाउँसारी सिफारिस | | ५००/- | |
| १६. | आधारभुत विद्यालय खोल्न सिफारिस | | ५००/- | |
| १७. | मन्जरीनामा सिफारिस | | २००/- | |
| १८. | भवन निर्माण नियमितता दरखास्त किताव | | १०००/- | |
| १९. | भवन निर्माणको लागि नक्सा दरखास्त किताव | | १०००/- | |
| **प्रमाणित सिफारिस** | | | | |
| २०. | जन्म प्रमाणित नेपालीमा | | २००/- | |
| २१. | नाता प्रमाणित नेपाली | | २००/- | |
| २२. | नाता प्रमाणित अङ्ग्रेजी | | ५००/- | |
| २३. | जन्म प्रमाणित अङ्ग्रेजीमा | | ५००/- | |
| २४. | ब्यक्ति प्रमाणित | | ५००/- | |

| | | | |
|---|---|---|---|
| २५. | अविवाहित प्रमाणित | ५००/- | |
| २६. | विवाह प्रमाणित नेपालीमा | ५००/- | |
| २७. | विवाह प्रमाणित अङ्ग्रेजिमा | १०००/- | |
| २८. | मृत्यु प्रमाणित | ५००/- | |
| २९. | ठेगाना प्रमाणित अङ्ग्रेजीमा | ५००/- | |
| ३०. | कर चुक्ता प्रमाणित अङ्ग्रेजीमा | ५००/- | |
| ३१. | पेशा प्रमाणित अङ्ग्रेजीमा | १०००/- | |
| ३२. | जिवित रहेको प्रमाणित | ५००/- | |
| ३३. | हकवाला वा हकदार प्रमाणित | ५००/- | |
| ३४. | जिवितसँगको नाता प्रमणित गर्ने | ५००/- | |
| ३५. | व्यक्तिगत विवरण प्रमाणित र सिफारिस | ५००/- | |
| ३६. | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | ५००/- | |
| ३७. | मृतकसँगको नाता प्रमाणित तथा सर्जिमिन सिफारिस गर्ने | २००/- | |
| ३८. | चार किल्ला प्रमाणित | २००/- | |
| ३९. | बार्षिक आयस्रोत प्रमाणित अङ्ग्रेजी | ५००/- | |
| **सबै खालको सिफारिस** | | | |
| ४०. | खस सिफारिस | २००/- | |
| ४१. | दलित सिफारिस | २००/- | |
| ४२. | आदिबासी जनजाति सिफारिस | २००/- | |
| ४३. | नाम, थर, जन्म मिति संशोधन सिफारिस | २००/- | |
| ४४. | कुनै व्यक्तिको नाम थर, जन्ममिति तथा वतन फरक फरक भएको सो व्यक्ति एउटै हो भन्ने सिफारिस | २००/- | |
| ४५. | जिवित रहेको सिफारिस | २००/- | |
| ४६. | व्यापार व्यवसाय बन्द भएको सिफारिस | ५००/- | |
| ४७. | व्यापार व्यवसाय नभएको सिफारिस | २००/- | |
| ४८. | नयाँ व्यवसाय दर्ता सिफारिस | ५००/- | |
| ४९. | व्यवसाय नविकरण सिफारिस | २००/- | |
| ५०. | धारा, विद्युत जडान सिफारिस | २००/- | |
| ५१. | जातिय पहिचान र जातिय सिफारिस कार्य गर्ने | २००/- | |
| ५२. | थ्रिफेज लाइन जडान सिफारिस | १०००/- | |
| ५३. | टेलिफोन टावर जडान सिफारिस | ३०००/- | |
| ५४. | एफ.एम. टावर जडान सिफारिस | ३०००/- | |
| ५५. | न्यायिक समिति निवेदन दस्तुर | ५००/- | |
| ५६. | **योजना सम्झौता सिफारिस दस्तुर** | | |

| | | | |
|---|---|---|---|
| | क. ५ लाख सम्मको योजना | २००/- | |
| | ख. ५ लाख भन्दा माथिको योजना | ५००/- | |
| ५७. | बैङ्क खाता बन्द गर्न सिफारिस | २००/- | |
| ५८. | बैङ्क खाता खोल्ने सिफारिस | २००/- | |
| ५९. | अन्य सिफारिस | २००/- | |
| | **प्रतिलिपि प्रमाणपत्र** | | |
| ६०. | व्यवसाय प्रमाणपत्र प्रतिलिपि | ५००/- | |
| ६१. | सर्टिफिकेट सच्याए वा प्रतिलिपि वापत शुल्क | ५००/- | |
| ६२. | योजना कार्यान्वयन प्रतिलिपि | ५००/- | |
| **६३.** | **अमिन दस्तुर** | | |
| क. | १ रोपनी सम्म (प्रति कित्ता) | २०००/- | |
| ख. | १ देखि ५ रोपनी सम्म (प्रति कित्ता) | २५००/- | |
| ग. | ६ देखि १० रोपनी सम्म (प्रति कित्ता) | ३०००/- | |
| घ. | ११ देखि १५ रोपनी सम्म (प्रति कित्ता) | ३५००/- | |
| ङ. | १६ देखि २५ रोपनी सम्म (प्रति कित्ता) | ४०००/- | |
| च. | २६ देखि ५० रोपनी सम्म (प्रति कित्ता) | ४५००/- | |
| छ. | ५१ रोपनी भन्दा बढि | ५०००/- | |

## अन्य दस्तुर

| **क.स** | **विवरण** | **दर** | **कैफियत** |
|---|---|---|---|
| १. | कन्सुलर प्रमाणित (वडा कार्यालयबाट सिफारिस भएका अङ्ग्रेजी कागजात गाउँपालिकाबाट प्रमाणिकरण) | १०००/- | |
| २. | आम्दानी प्रमाणित | ०.१५% | |
| ३. | सम्पती मुल्याङ्कन प्रमाणित | ०.१५% | |
| ४. | लेनदेन कागजात (तमसुक) प्रमाणित दस्तुर) | ०.१५ % | |
| ५. | बैङ्क नविकरण | २००००/- | |
| ६. | सुचि दर्ता दस्तुर | | |
| | सेवा मुलक | निशुल्क | |
| | नाफा मुलक | ५००/- | |
| ७. | मुचुल्का सबै प्रकार | ५००/- | |
| ८. | उपभोक्ता समिति | ५००/- | |
| ९. | घुमि फिरी व्यापार गर्ने इन्धनबाट संचालन हुने साना सवारी | १०००/- | |

| | | | |
|---|---|---|---|
| १०. | मोटर साइकल(२ पाङ्ग्रे) | २००/- | |
| ११. | तोरी मिल | १०००/- | प्रति महिना |
| १२. | सेल्स ठुला गाडि- ट्रक हेवि गाडि ट्रिफर | ३०००/- | |

## निर्माण सामाग्री शुल्क (निकासाको हकमा)

| क्र.स | शिर्षक/ विवरण | इकाई | आ.ब २०८२/०८३ का लागि दर तथा शुल्क | | |
|---|---|---|---|---|---|
| | | | व्यक्तिको जग्गाबाट व्यवसायिक प्रयोजनका लागि | सरकारी जग्गाबाट व्यवसायिक प्रयोजनका लागि | सरकारी जग्गाबाट निजि प्रयोजनका लागि |
| १. | गिट्टि | प्रति घ.मि | १००/- | २५०/- | २००/- |
| २. | बालुवा | | १००/- | २५०/- | २००/- |
| ३. | ढुङ्गा | | १००/- | २५०/- | २००/- |
| ४. | काठ गाउँपालिका भित्र | प्रति क्यु.फिट | | ६/- | ३/- |
| ५. | काठ गाउँपालिका बाहिर | | | ५/- | २/- |
| ६. | सुकेको दाउरा | प्रति ट्याक्टर | | १०००/- | |

## अन्य कर

## गाउँपालिकाले वा गाउँपालिकाबाट लिने अन्य सेवा सुविधा शुल्क

| क्र.स | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १३. | गाउँपालिकाको सभाहल | १०००/- | |
| १४. | गाउँपालिका सभाहल प्रोजेक्टर सहित | १५००/- | |
| १५. | स्काभेक्टर भाडा प्रति घण्टा इन्धन सहित | ६०००/- | |
| १६. | ब्याक हो लोडर( जेसिभि) भाडा प्रति घण्टा इन्धन सहित | ३२००/- | |
| १७. | रोलर इन्धन सहित | ४०००/- | |

अन्य करमा कानुन बमोजिम हुनेछ।